नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**( मानवश्रोत विकास विभाग, भर्ना तथा छनौट महाशाखा )**
नक्साल, काठमाण्डौं ।
प्रथम पटक प्रकाशित मिति :- २०७५/०६/१५ गते ।

# नयाँ भर्ना सम्बन्धी सूचना !!!

नेपाल प्रहरीमा रिक्त रहेको **प्रहरी जवान र प्रहरी कार्यालय सहयोगी** पदहरुमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु.१० को टिकट टाँसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

## १. आवश्यक माग पद संख्या :-

| विज्ञापन नं. | पद | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| ०३ (०७५/७६) | प्रहरी जवान | ३३६५ | १२५ | ५५० | ८८२ | ७७१ | ४१३ | १३८ | **६२४४** |
| ०४(क) (०७५/७६) | प्रहरी कार्यालय सहयोगी (भान्छे) | १७३ | ६ | २८ | ४५ | ३९ | २१ | ८ | **३२०** |
| ०४(ख) (०७५/७६) | प्रहरी कार्यालय सहयोगी (हजाम) | ८ | - | १ | २ | २ | १ | १ | **१५** |
| ०४(ग) (०७५/७६) | प्रहरी कार्यालय सहयोगी (सिलाई/बुनाई) | ७ | - | १ | १ | २ | - | १ | **१२** |
| ०४(घ) (०७५/७६) | प्रहरी कार्यालय सहयोगी (कुचिकार) | ८ | - | १ | २ | १ | १ | १ | **१४** |
| ०४(ङ) (०७५/७६) | प्रहरी कार्यालय सहयोगी (मोचि) | ५ | - | - | २ | १ | १ | - | **९** |
| ०४(च) (०७५/७६) | प्रहरी कार्यालय सहयोगी (खेलाडी) | १६ | १ | २ | ४ | ४ | २ | १ | **३०** |

**नोट:** प्रहरी कार्यालय सहयोगी (खेलाडी) तर्फ (पुरुष फुटबल, महिला फुटबल, पुरुष भलिवल, महिला भलिवल, क्रिकेट, तेक्वान्दो, भारोत्तोलन, कराँते, जुडो, एथ्लेटिक्स, बक्सिङ, महिला कवड्डि र ब्याडमिन्टन) विधा तर्फका खेलाडीहरुले मात्र दरखास्त दर्ता गर्न सकिने छ ।

## २. दरखास्त फाराम दर्ता मिति :- २०७५/०६/१८ गते, बिहान १०:०० बजे देखि २०७५/०७/२९ गते, १७:०० बजे सम्म (सार्वजनिक विदाको दिन बाहेक) ।

## ३. दरखास्त फाराम पाइने र बुझाउने स्थानहरु :-

| क्र.सं. | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|
| १. | महानगरीय प्रहरी परिसर, काठमाण्डौं । | ९८५१२८३०१२ |
| २. | महानगरीय प्रहरी परिसर, भक्तपुर । | ९८५१२८३०२० |
| ३. | महानगरीय प्रहरी परिसर, ललितपुर । | ९८५१२८३०१७ |
| ४. | १ नं. प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगर । | ९८५२०९०१८० |
| ५. | २ नं. प्रदेश प्रहरी तालिम केन्द, जनकपुर । | ९८५२८९००६० |
| ६. | ३ नं. प्रदेश प्रहरी तालिम केन्द्र, दुधौली सिन्धुली । | ९८५४०४१७८९ |
| ७. | ४ नं. प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा । | ०६१-४६३४२६ |
| ८. | ५ नं. प्रदेश प्रहरी तालिम केन्द्र, बुटवल । | ९८५७०९०४४४ |
| ९. | ६ नं. प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत । | ९८५८०५००४३ |
| १०. | ७ नं. प्रदेश प्रहरी तालिम केन्द्र, दिपायल । | ०९४-४१२१७३ |
| ११. | जिल्ला प्रहरी कार्यालय, सबै (७४) । | सम्बन्धित जि.प्र.का.हरुको सम्पर्क नम्बर |

## ४. दरखास्त राजश्व (दस्तुर) :-

| पद | राजश्व (दस्तुर) |
|---|---|
| प्रहरी जवान | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१५० (एक सय पचास) बुझाउनु पर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.३०) का दरले थप दस्तुर लाग्ने छ । |
| प्रहरी कार्यालय सहयोगी | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१०० (एक सय) बुझाउनु पर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.२०) का दरले थप दस्तुर लाग्ने छ । |

### ५. आवश्यक न्यूनतम योग्यताहरु :-

| पद | न्यूनतम योग्यता |
|---|---|
| प्रहरी जवान | १. शैक्षिक योग्यताः कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ नपाएको,<br>३. राजनैतिक दलको सदस्य नरहेको,<br>४. आतङ्ककारी सङ्गठनको सदस्य नरहेको,<br>५. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>६. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>७. प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ( परीक्षा सञ्चालनको क्रममा हुने),<br>८. नेपाली नागरिक ।<br>९. उचाई, छाती र तौलः<br>(क) **पुरुष**: उचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) **महिला**: उचाई घटीमा ५ फिट, तौल ४२ के.जी. |
| प्रहरी कार्यालय सहयोगी | १. शैक्षिक योग्यताः साधारण लेखपढ गर्न जानेको ।<br>२. अन्य योग्यताको हकमा प्रहरी जवान पदको (२) देखि (८) सम्मको योग्यता पुरा भएको ।<br>३. उचाई, छाती र तौलः<br>(क) **पुरुष**: उचाई घटीमा ५ फिट, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) **महिला**: उचाई घटीमा ४ फिट १० ईन्च, तौल ४२ के.जी.<br>४. खेलाडीको हकमा राष्ट्रिय खेलकुद परिषद र राष्ट्रिय खेलकुद परिषदबाट मान्यता प्राप्त संघको राष्ट्रिय प्रतियोगितामा सहभागी भई पदक प्राप्त गरेको, वा दक्षिण एसियाली, एसियाली र ओलम्पीक खेलमा सहभागी भई उत्कृष्ट प्रदर्शन गरेको वा युथ १६, १८ र १९ प्रतियोगिताहरुमा सहभागी भई पदक प्राप्त गरेको वा अन्य अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भई कुनै पदक प्राप्त गरेको प्रमाण पत्र पेश गर्नु पर्ने । |

### ६. उमेर हद :-

| पद | उमेर हद |
|---|---|
| प्रहरी जवान | • दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको ।<br>• बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ । |
| प्रहरी कार्यालय सहयोगी | • दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २५ वर्ष ननाघेको । |

### ७. दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरु :-

| | |
|---|---|
| क) | नेपाली नागरिकताको प्रतिलिपि १ प्रति । |
| ख) | हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ५ प्रति । |
| ग) | आफूले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति, आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो योग्यता भएका उम्मेदवारहरुको हकमा प्रोभिजनल भए सो समेत पेश गर्नु पर्ने तथा नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)। |
| घ) | **आदिवासी/जनजाति**का लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी- १ (एक) प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ । |
| ङ) | **दलित**का लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी-१ (एक) प्रति । तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ । |
| च) | **मधेसी**का लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि-१ (एक) प्रति । |
| छ) | **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको । स्थायी वसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु पर्नाको कारण उल्लेख भएको पत्र लिएको । |

| | |
|---|---|
| ज) | **अमर/अशक्त प्रहरी परिवारको लागि** अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाताप्रमाणित कागजपत्र। |
| झ) | दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडिपट्टि **'सक्कल बमोजिम नक्कल ठिक छ'** भनि उम्मेदवार स्वयम्ले दस्तखत गर्नु पर्नेछ। |

## ८. परीक्षा विधि र परीक्षा हुने स्थान :-

- **प्रहरी जवान**
  - प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण परीक्षा, लिखित परीक्षा, (**लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा लोक सेवा आयोगद्वारा तोकेको परीक्षा केन्द्रहरुमा सञ्चालन हुने**) र अन्तर्वार्ता।
- **प्रहरी कार्यालय सहयोगी**
  - प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता।
- **परीक्षा सञ्चालन हुने स्थान:**

| दरखास्त फाराम वितरण तथा दर्ता केन्द्र | परीक्षा संचालन हुने स्थान |
|---|---|
| प्र.ता.के. विराटनगर तथा जि.प्र.का.ईलाम, झापा, पाँचथर, ताप्लेजुङ्ग, भोजपुर, धनकुटा, मोरङ्ग, संखुवासभा, सुनसरी, तेह्रथुम, खोटाङ्ग, ओखलढुंगा, सोलुखुम्बु र उदयपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | १ नं. प्रदेश,<br>प्रहरी तालिम केन्द्र विराटनगर। |
| प्र.ता.के. जनकपुर तथा जि.प्र.का.सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | २ नं. प्रदेश,<br>प्रहरी तालिम केन्द्र जनकपुर। |
| प्र.ता.के. सिन्धुली तथा जि.प्र.का.दोलखा, रामेछाप, सिन्धुली, चितवन र मकवानपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | ३ नं. प्रदेश,<br>प्रहरी तालिम केन्द्र सिन्धुली। |
| म.न.प्र.परिसर काठमाण्डौ, भक्तपुर, ललितपुर साथै जि.प्र.का.काभ्रे, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट र धादिङ्गमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | महानगरीय प्रहरी शिक्षालय,<br>महाराजगंज काठमाण्डौं। |
| प्र.ता.के. पोखरा तथा जि.प्र.का.गोरखा, लम्जुङ्ग, तनहूँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङजा, म्याग्दी र बाग्लुङ्गमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | ४ नं. प्रदेश,<br>प्रहरी तालिम केन्द्र पोखरा। |
| प्र.ता.के. बुटवल तथा जि.प्र.का.नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान र दाङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | ५ नं. प्रदेश,<br>प्रहरी तालिम केन्द्र बुटवल। |
| प्र.ता.के. सुर्खेत तथा जि.प्र.का.रुकुम (पूर्वि भाग), रुकुम (पश्चिम भाग), बाँके, बर्दिया, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट दैलेख र सुर्खेतमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | ६ नं. प्रदेश,<br>प्रहरी तालिम केन्द्र सुर्खेत। |
| प्र.ता.के. दिपायल तथा जि.प्र.का.बाजुरा, बझाङ्ग, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर र कैलालीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | ७ नं. प्रदेश,<br>प्रहरी तालिम केन्द्र दिपायल। |

**नोट:**

- प्रहरी जवान पदको लागि माथि उल्लेखित स्थानहरुमा प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण परीक्षा र अन्तर्वार्ता परीक्षा समेत सञ्चालन हुने छ।
- प्रहरी कार्यालय सहयोगी पदको लागि प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा र विस्तृत स्वास्थ्य परीक्षण परीक्षामा उत्तीर्ण हुने सबै केन्द्रका उम्मेदवारहरुको प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता परीक्षा महानगरीय प्रहरी शिक्षालय महाराजगंज काठमाण्डौंमा सञ्चालन हुने छ।

**९. विशिष्टीकृत कार्य क्षेत्र तथा कामको प्रकृति :-** प्रहरी कार्यालय सहयोगी पदको हकमा विशिष्टीकृत कार्य क्षेत्र र गर्नु पर्ने कामको प्रकृती समावेश गरिएको हुँदा दरखास्त फाराम पेश गर्दा फाराम साथ संलग्न ***विशिष्टीकृत कार्य क्षेत्र चयन फाराम*** समेत भरि उम्मेदवारहरुले आफ्नो इच्छा/चाहना तथा क्षमता अनुसारको कुनै १ (एक) कार्य क्षेत्र मात्र चयन गरी (√) चिन्ह लगाउनु पर्नेछ।

| विशिष्टीकृत कार्य क्षेत्र र गर्नु पर्ने कामको प्रकृति | |
|---|---|
| भान्छे | प्रहरी मेशमा खाना पकाउने, भान्सा कोठा र भाडाकुडा लगायत अन्य सरसफाईको काम गर्नु पर्ने। |
| हजाम | प्रहरी कर्मचारीको कपाल काट्ने सम्बन्धि काम गर्नु पर्ने। |
| सिलाई/बुनाई | प्रहरी कर्मचारीको पोशाक सिलाई गर्नु पर्ने। |
| कुचिकार | कार्यालय, शौचालय, स्नान गृह लगायतका कार्यालय कम्पाउड समेतको सरसफाई गर्नु पर्ने। |
| मोची | छालाजन्य सामाग्रीहरुको सिलाई कटाई, बुनाई तथा रंग रोगन सम्वन्धि काम गर्नु पर्ने। |
| खेलाडी | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा सहभागी भई खेल्नु पर्ने। |

**१०. सम्पर्क मिति तथा स्थान :-**

| पद | सम्पर्क मिति | सम्पर्क कार्यालय |
|---|---|---|
| प्रहरी जवान | २०७५/०८/२० गते, ११:०० बजे | सम्बन्धित दरखास्त दर्ता गर्ने प्रहरी कार्यालयहरु । |
| प्रहरी कार्यालय सहयोगी | २०७५/०८/१६ गते, ११:०० बजे | सम्बन्धित दरखास्त दर्ता गर्ने प्रहरी कार्यालयहरु । |

**पुनश्चः**

१. हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।
२. परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिचमात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई छनौट गरिनेछ ।
३. दरखास्त पेश गर्दा सक्कल प्रमाण-पत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ ।
४. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको *website:www.nepalpolice.gov.np* मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम सोही वेभसाइटबाट डाउनलोड गरी आवश्यक कागजातहरु संलग्न राखी तोकिएको कार्यालयमा पेश गर्न सकिने छ ।

मितिः- २०७५/०६/१५ गते ।

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय, नक्साल

**प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
भर्ना तथा छनौट महाशाखा
नक्साल, काठमाण्डौं ।
फोन नम्बर : ०१-४४१४९०६